# माध्यमिक शिक्षा परीक्षा कक्षा १० को ग्रेडबृद्धि (पुरक) परीक्षाको आवेदन फारम भर्ने सम्बन्धी विस्तृत जानकारी

१. आवेदन दस्तुर प्रति परीक्षार्थी रु ५००।–(पाँच सय) का दरले हुने रकम राष्ट्रिय परीक्षा बोर्डको नाममा रहेको राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय सानोठिमीमा रहेको च.हि.नं. १७३०००२६३४०१ वा नेपाल बैंक लिमिटेड शाखा कार्यालय ठिमीमा रहेको च.हि.नं. २३३००१००६१५५३३००००००१ मा जम्मा हुने गरी मिति **२०७५ साल असार २४ गतेभित्र दाखिला गर्नुपर्नेछ।** विलम्ब दस्तुर तिरी आवेदन दिने व्यवस्था गरिएको छैन।

२. निवेदनको ढाँचा परीक्षा नियन्त्रण कार्यालय कक्षा १० website: www.soce.gov.np वा राष्ट्रिय परीक्षा बोर्डको website: www.neb.gov.npबाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ।

३. आवेदन फारामसाथ निम्न कागजातहरू संलग्न गर्नुपर्नेछः
   (क) माध्यमिक शिक्षा परीक्षा (एसईई) २०७४ को ग्रेडसिट/ग्रेड लेजरको प्रतिलिपि,
   (ख) माध्यमिक शिक्षा परीक्षा (एसईई) २०७४ मा सामेल हुँदाको प्रवेशपत्रको प्रतिलिपि,
   (ग) तोकिएको दस्तुर बुझाएको बैङ्क भौचर।

४. **प्रवेशपत्रको व्यवस्था**: माध्यमिक शिक्षा परीक्षा (एसईई) २०७४ को प्रवेशपत्र नै पूरक परीक्षाको लागि प्रवेशपत्र कायम गरिएको हुँदा सोही प्रवेशपत्रमा उल्लेखित सिम्बोल नम्बरबाट परीक्षा दिनुपर्नेछ।

५. प्रवेशपत्र हराएमा सम्बन्धित विद्यालयका प्रधानाध्यापकले परीक्षार्थीहरुको फोटो प्रमाणित गरी बोर्डको उल्लेखित बैंक खातामा रु. ५०।-(पचास) शुल्क बुझाई शिक्षा विकास तथा समन्वय इकाईमा सिफारिस साथ पेश गर्नुपर्नेछ। पूरक (ग्रेडवृद्धि) परीक्षामा सामेल हुने प्रयोजनका लागि प्रतिलिपि प्रवेशपत्र उपलब्ध गराउने व्यवस्था सम्बन्धित जिल्लाको शिक्षा विकास तथा समन्वय इकाईले गर्नेछ।

६. शिक्षा विकास तथा समन्वय इकाईहरुले पूरक (ग्रेडवृद्धि) परीक्षामा सामेल हुन आवेदन फाराम भर्ने परीक्षार्थीहरुको विवरण विद्यालयगत रुपमा विषय समेत खुल्ने गरी २०७५ साल असार मसान्त भित्र अनिवार्य रुपमा **परीक्षा नियन्त्रण कार्यालय कक्षा १०** मा आइपुग्ने गरी पठाउनुहुन र परीक्षार्थीहरूले बुझाएको आवेदन फाराम ६ महिनासम्म सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाईले नै सुरक्षित राख्नुहुन अनुरोध छ।

## विद्यालय शिक्षामा अक्षराङ्कन पद्धति कार्यान्वयन कार्यविधि, २०७२ मा भएको माध्यमिक शिक्षा परीक्षा कक्षा १० को ग्रेडबृद्धि (पुरक) परीक्षा सम्बन्धी व्यवस्था

३.१.३.४ माध्यमिक शिक्षा परीक्षा (कक्षा १०) का सी वा सी भन्दा कम ग्रेड प्राप्त गरेका परीक्षार्थीले आफूले चाहेका विषयमा माथिल्लो ग्रेड प्राप्तिका लागि ग्रेडवृद्धि (पुरक) परीक्षा दिन सक्ने छन्। बढीमा दुई विषयसम्म अनुपस्थित रहेका वा दुई विषयसम्म ग्रेड उल्लेख नभएका परीक्षार्थीलाई ग्रेडवृद्धि परीक्षामा समावेश गराइनेछ।

तर माध्यमिक शिक्षा कक्षा १० को हकमा दुई विषयभन्दा बढी विषयमा अनुपस्थित रहेका वा ग्रेड उल्लेख नभएका परीक्षार्थी तथा विगतको परीक्षामा अनुत्तीर्ण पुराना परीक्षार्थीहरूलाई एक्जेम्टेड परीक्षामा समावेश गराइनेछ।